# भूमे साप्ताहिक

वर्ष ५ अङ्क ८ २०८० जेठ २४ बुधबार




सम्पादकीय

## मौलिकता जोगाउन पहल गरौं

रुकुम (पूर्व) का मगर बाहुल्य बस्तीमा रहेका मौलिक घरहरु र तिनमा प्रयोग गरिएका वास्तुकला बिस्तारै हराउने खतरा बढेको छ। परम्परागत कला, शैली र मौलिकताका घरहरु बनाउने मिस्त्रीहरुको अभाव हुनु, उनीहरुको सीप नयाँ पुस्तामा हस्तान्तरण नहुनुले वास्तुकला हराउने खतरा बढेको छ। त्यस्तै, परम्परागत शैलीका घर बनाउन धेरै खर्चिलो हुनु, युवाहरु आधुनिक शैलीका घरतर्फ आकर्षित हुनुले मगर समुदायको कला, संस्कृति र वास्तुकलामा आधारित परम्परागत पहिचान हराउने खतरा बढेको हो।

ढुंगैढुंगाको फुक्का गारो, बीच बीचमा काठ, अनि कमेरो माटोलाई पिटेर बनाइएका बलिया छतसहितका दुई धारे मौलिक घर। भुइँतलामा पशु चौपाया, पहिलो तलामा आवास अनि छतमा मकै राखिएका धोक्राहरू। रुकुम (पूर्व) को पुथा उत्तरगंगाको तक, सेरा, कोल र राङ्सी तथा भूमेको काँक्री, लुकुम, खाबाङ, महत, मोरबाङ लगायतका बस्तीहरुमा यस्तै आकर्षक एवं परम्परागत शैलीमा बनाइएका घरहरु प्रशस्त भेटिन्छन्। तर, अहिले बस्तीका बीच बीचमा कतै सिमेन्टेड त कतै टिन प्रयोग गरी घरहरु बनाउन थालिएको छ। यसले परम्परागत घर र तिनमा प्रयोग गरिएको मौलिकतामा संकटको बादल मडारिन थालिसकेको छ।

बदलिँदो समयसँगै मगर समुदायको इतिहास, संस्कृति र परम्परासँग जोडिएका यी मौलिक वास्तुकलालाई संरक्षण गर्न स्थानीय सरकारले पहल बढाउन आवश्यक छ। संस्कृति, वास्तुकला र परम्परागत पहिचानलाई जोगाउन निश्चित बस्ती छुट्याएर पर्यटकीय क्षेत्र बनाउने र अन्य क्षेत्रमा आफूले चाहे अनुसारका घरहरु बनाउन मिल्ने नियम बनाउन ढिलाइ गर्नु हुँदैन। मौलिक पहिचान र हिमाली वास्तुको संरक्षण गर्नेहरुलाई स्थानीय सरकारले अनुदान वा पुरस्कारको व्यवस्था समेत गर्न सकिन्छ। समय छँदै यी वास्तुकलाको संरक्षणमा सरकारको ध्यान जान जरुरी छ।


प्रकाशक

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# सांस्कृतिक स्थलको संरक्षण गर्दै स्थानीय सरकार



❖ बालाराम शेर्पाली

चौतारा भन्ने बित्तिकै गाउँभरिका मानिसहरु भेला भएर कुनै पनि छलफल तथा मनोरञ्जनको लागि रमाइलो नाचगान गरिने स्थानलाई बुझिन्छ। चौतारामा बस्नको लागि कुनै ठाउँमा बोट विरुवा कुनै ठाउँमा बस्नका लागि ढुङ्गा, गिट्टी र बालुवा सिमेन्ट लगाइएको हुन्छ। अहिले भूमे गाउँपालिका वडा नं. ३ सिमामा प्राचीनकालदेखि चलिआएको चौतारालाई मर्मत गरेर थप आकर्षक बनाइएको छ।

चौताराको उद्देश्य पैदल यात्रामा हिड्ने यात्रुहरुलाई थकाइ मेट्न, शितल छहारीमा सुस्ताएर बस्न सहज होस् भनेर बनाउने गरिन्छ। चौतारोमा गाउँघरमा केही समस्या आए भेला भई छलफल, कचहरी बस्ने, बैठक बस्ने काम पनि गरिन्छ। चौतारीमा गाउँभरिका मानिसहरु जम्मा भएर गाउँको समस्या, विकास निर्माणका लागि छलफल गर्ने ठाउँको रुपमा चिनिन्छ।

भूमे गाउँपालिकाको सबै गाउँ बस्तीको बीचमा एउटा-एउटा चौतारो बनाएको भेट्न सकिन्छ। भूमे गाउँपालिका वडा नम्बर ३ सिमामा २ आर्थिक बर्षको बजेटले चौतारा निर्माण गरिएको छ। आर्थिक बर्ष २०७८/७९ मा दुई लाख र ०७९/८० मा पाँच लाख र स्थानीयको जन श्रमदान एक लाख १९ हजार ८ सय ५८

रुपैयाँमा गरि ८ लाखमा चौतारा निर्माण गरिएको छ। गाउँपालिकाबाट र जनश्रमदान गरि चौतारा निर्माण भएपछि स्थानीयबासीले खुसी व्यक्त गरेका छन्। उक्त चौतारालाई थप आकर्षक बनाउन रङ्गरोगन गर्न स्थानीय युवा समाजसेवी चन्द्र रसाइलीले सहयोग गर्नुभएको छ।

पैदल यात्रामा हिडिरहेका यात्रुहरुले थकाइ मेट्ने र गाउँघरमा काम पर्दा सरसल्लाह, छलफल गर्न सहज हुने चौतारो आकर्षक हुनुपर्छ भनेर रङ्गरोगन गरेको रसाइलीले बताउनु भयो। चाडपर्वमा भेला भई नाचगान गर्ने, परम्परागत कला संस्कृति, भाषामा आधारित गीत नृत्य प्रस्तुत गर्ने थलोको रुपमा पनि चौतारो रहेको रसाइलीको भनाई छ। युवायुवतीहरु जम्मा भएर गिटार, हार्मोनियम, मादल, बाँसुरी बजाउँदै जमघट हुने र रमाइलो गर्ने थलो पनि बनेका छन् यहाँका चौताराहरु। चौताराहरु दुःख बिसाउने, गाउँलेहरु भेला भई भलाकुसारी गर्नेदेखि कला संस्कृतिको संरक्षणका लागि सार्वजनिक स्थल बनेका छन्। यी सांस्कृतिक तथा सार्वजनिक स्थलहरुको संरक्षण गर्दै सफा र हरियाली बनाउन सबैले सचेत पहलकदमी गर्नु पर्ने होइन् र?

# काँक्रीमा डिल्लीमाया फाउन्डेसनको स्वास्थ्य शिविर

❖ **बालाराम शेर्पाली**

रुकुम (पूर्व)को भूमे गाउँपालिका वडा नम्बर २ मा अवस्थित काँक्री स्वास्थ्य चौकीमा एक दिने स्वास्थ्य शिविर सञ्चालन गरिएको छ। जेठ १७ गते बुधबार काँक्री स्वास्थ्य चौकीमा डिल्लीमाया मेमोरियल ब्रेस्ट क्यान्सर फाउन्डेसनको सहयोगमा शिविर सञ्चालन गरिएको हो।

शिविरबाट गाउँपालिकावासीले क्यान्सर, नाक, कान, घाँटी, स्त्री रोग, हाड जोर्नी, नसा रोग र जनरल सेवा गरी २ सय बढीले सेवा लिएको काँक्री स्वास्थ्य चौकीले जनाएको छ।

शिविरमा निःशुल्क चेकजाँचका साथै औषधी पनि निःशुल्क रुपमा वितरण गरिएको थियो। केहीलाई खोप र हाड भाँचिएको ठाउँमा प्लास्टर पनि




निःशुल्क रुपमा गरिएको बताइएको छ। त्यस्तै शिविरबाट सादा एक्सरे, भिडियो एक्सरे र ल्याव सेवा पनि दिइएको थियो। शिविर उपलब्धिमूलक र फाइदाजनक भएको भन्दै गाउँपालिकावासीले आयोजक डिल्लीमाया मेमोरियल ब्रेस्ट क्यान्सर फाउन्डेसन र काँक्री स्वास्थ्य चौकीलाई धन्यवाद दिएका छन्।

# इतिहास बनेको हटारु जिन्दगी

**दुई महिनासम्म खान पुग्ने रासन बोकेर नुन ल्याउन गएको कुरा सुन्दा अहिले हामीलाई किंवदन्तीजस्तो लाग्छ।तर हाम्रा बाजे बराजूहरुले त्यहीँ जिन्दगी बिताएका थिए।**

**हाट जान प्रत्येक घरबाट एक एक जना बलवान व्यक्ति छान्नुपर्थ्यो। किनकि उसले परिवारको लागि बर्षभरि पुग्ने नुन बोकेर ल्याउन सकोस्। नुन बोकेर महिनौं हिड्न सकोस्। आफू सुरक्षित बनेर हटारुको पनि सुरक्षा गर्न सकोस्।**



**❖ नारायण ओली**

हटारु शब्द आफैमा एउटा विगत र इमानदारिता हो। एउटा परम्परा हो- जहाँबाट मानव अस्तित्वको सुरुवात भयो, त्यहीँबाट यो परम्परा चलेको हो। यसलाई परम्परा भन्दा पनि एउटा बिकासको रुपमा लिन सकिन्छ। जतिखेर मान्छेले ढुङ्गे युगलाई पछि पार्दै केही विकसित युगको यात्रा तय गरेको थियो, त्यतिखेर मान्छेले आफ्ना साथी, परिवार, समाज, समुदाय र राष्ट्र बनाइसकेको थियो। परिवारका लागि आवश्यक पर्ने लत्ताकपडा, जुत्ता, चप्पल, थोरै मिठा परिकार जो खाएर चाडपर्वमा रमाउने खालका सामान, विशेष त नुन ल्याउनकै लागि पनि गाउँघरबाट हटारु जाने चलन थियो। त्यतिबेला गाउँ ठाउँमा हाटबजारको विकास भएको थिएन। बर्षभरि नुन खानकै लागि भए पनि लामो समय हिडेर हटारु जाने चलन थियो। अहिले आफ्नो परिवार छोडेर



मुग्लानको यात्रा गरेझैं त्यतिखेर हाटबजार जान महिनौं हिड्नु पर्थ्यो।

त्यतिबेला अहिलेका जस्ता जुत्ता चप्पल हुँदैनथे। हिउँदको चिसो बाटो, तुसारोले भरिएका खोल्साहरु, त्यसैमा खाली पाउले टेकेर गरेका यात्राहरु, पिठ्युँमा खाना ओरान ओछ्यानको भारी। पाएसम्म ओढार, नत्र खुल्ला आकाशको बास। बिहान उठ्दा शरिरमा तुसारोले पूरै ढाकेको हुन्थ्यो। कहिले त बिहान उठ्दाखेरि हिउँले सेताम्य पारेको हुन्थ्यो। जहाँ रात पर्थ्यो, त्यहाँ बास हुन्थ्यो। मान्छेको कुनै डर हुँदैनथ्यो। भुत प्रेतसँग भने अलि चनाखो भएर बस्नुपर्थ्यो। जंगली जनावरहरुको पनि त्यति डर हुँदैनथ्यो। हाम्रा पुस्ताले सिकाएको पाठ सिक्दै आज हामी नयाँ दुनियाँमा आएका छौं।

**हटारु कहिले जान्थे ?**

पहिले हटारु भनिन्थ्यो। अहिले यात्री भनिन्छ। हाट अहिलेको बजार पुग्न २ महिना पैदल यात्रा गर्नुपर्थ्यो। हटारु जाने ती दिनहरुमा रुकुम पूर्वी भागमा बसोबास गर्ने मान्छेको हाट कोइलावास हो। रुकुम रोल्पा, सल्यान र छिमेकी जिल्लाबाट किनमेल गर्न कोइलावास जानुपर्थ्यो। हटारु शब्द सुन्दा जति रमाइलो छ, हाट जाँदा त्यति नै कठिन थियो। गाउँघरमा वर्षे बाली भित्र्याएपछि हिउँद याममा हाटको यात्रा तय गरिन्थ्यो। त्यतिबेला सबै काम सकिएका हुन्थे। ठूला ठूला चाडपर्व पनि सकिसकेका हुन्थे। हाट जानका लागि त्यो समय बढी उपयुक्त र महत्त्वपूर्ण मानिने भएको हुँदा छनोट गरिन्थ्यो। वर्षायामजस्तो हिउँद याममा वर्षात हुँदैन। वर्षामा बढेका खहरे खोलाहरु पनि सुक्न लागिसकेका हुन्थे। त्यतिबेला अहिलेका जस्ता होटेल, लज, चिया पसल, खाजा पसल हुँदैनथे। त्यतिखेर हाट जाँदा आफैले घरबाट बोकेका खानेकुरा पकाएर खानुपर्थ्यो। हिउँदमा सुकेका दाउराहरु बटुलेर सजिलै खाना पकाउन सकिन्छ। त्यो मौसम सबै काम गर्नका लागि उपयुक्त हुने हुँदा हटारुले हाट जानका लागि त्यही समय छानेको हुन सक्छन्।

गाउँघरमा विभिन्न कर्महरु गरेर, केही सम्पत्ति बेचेर जम्मा गरेका मोहर लिएर हाट जान्थे। हाटबाट परिवारलाई वर्षभरि पुग्ने लत्ताकपडा, नुन, गुर ल्याउने गरिन्थ्यो। हाट जानुको सबैभन्दा ठूलो उद्देश्य नुन ल्याउनु हुन्थ्यो। हिउँदको समय पनि साह्रै राम्रो जताततै देखिने, चारैतिर हेर्दै,साथीहरुसँग जिस्किदै हिड्दा रमाइलो पनि हुन्थ्यो। यसरी हिड्दा बाटो काटेको पत्तै हुँदैनथ्यो। शरीर पनि कसिलो र फूर्तिलो हुने हुँदा भारी बोक्न पनि सजिलो हुन्थ्यो।

**कसरी जान्थे हटारु हाट?**

त्यतिखेर हाट जाने भनेपछि जो कोही पनि उत्साहित हुने गर्दथे। रमाइलो पनि बिछट्टै हुने।



नयाँ मान्छेसँग भेट हुने, बजार घुम्ने, गुर खाने, नयाँ कपडा किनमेल गर्ने कसलाई पो रमाइलो हुँदैनथ्यो होला र? घरबाट तयार हुँदादेखि नै के-के सपनाहरु बुनिन थालिसकेका हुन्थे। ठूलो समूहमा हिड्दा खुब रमाइलो हुन्थ्यो। दुई महिनासम्म खान पुग्ने रासन बोकेर नुन ल्याउन गएको कुरा सुन्दा अहिले हामीलाई किंवदन्तीजस्तो लाग्छ। तर हाम्रा बाजे बराजूहरुले त्यहीँ जिन्दगी बिताएका थिए।

हाट जान प्रत्येक घरबाट एक एक जना बलवान व्यक्ति छान्नुपर्थ्यो। किनकि उसले परिवारको लागि बर्षभरि पुग्ने नुन बोकेर ल्याउन सकोस्। नुन बोकेर महिनौं हिड्न सकोस्। आफू सुरक्षित बनेर हटारुको पनि सुरक्षा गर्न सकोस्। त्यस्तो व्यक्तिलाई छानेर परिवारका सदस्यले हाट पठाउँथे। एउटा टोली प्रमुखसँग २०/३० जनाको समूह हुन्थ्यो। घरबाट निस्केदेखि बाटोमा धेरै ठाउँ खुल्ला आकाशमा बास बस्दै, हिउँदको चिसो सिरेटोसँग साथ गर्दै, सयौं डाँडाकाँडा, पाखापखेरा, खोलानालासँग माया प्रित लगाउँदै, मित्रता गाँस्दै हिड्नुपर्थ्यो। घरबाट बोकेका खानेकुराहरु बाटोमा छोड्दै जानुपर्थ्यो। हाटबाट फर्किदा खान सजिलो हुन्थ्यो। कतै घरमा राखिन्थ्यो त कतै पहरोमा। यसरी बोकेको खानेकुरा बाटोभरि राख्दै जानुपर्थ्यो। सबै हटारुले बाटाभरि यसरी नै खानेकुरा राख्ने गर्थे। त्यसैले खानेकुरा हराउने, चोरी हुने समस्या हुँदैनथ्यो। यसरी हटारुको समूह मैकोटबाट हिडेपछि दर्जनौं स्थानमा बास बस्नुपर्थ्यो।

मैकोटबाट हिडेपछि हुकाम, तकसेरा, लुकुम, कोर्जा, चुनबाङ, सिस्नेरी, घर्तीगाउँ, दार्बोट, भाङ्बारी, तिला, हान्जाबाङ, त्रिवेणी, दहवन, तोसपेदा, भैंसे गोगली, मसोट खोला, गढवा, अम्बास र चोरखोलीमा बास बसेपछि मात्र अर्को दिन कोइलाबास पुगिन्थ्यो। कोइलावास पुगेपछि नुन, कपडा, गुर, औषधीलगायतका विभिन्न सामान बनाउन एक साता लाग्ने गर्दथ्यो। उछिट्टेलाई नचाउन एक दिन लाग्थ्यो। कोइलावास पहिलोपटक जानेलाई उतिबेला 'उछिट्टे' भन्ने चलन थियो र उसलाई गुरका डल्लाले हानेर स्वागत गर्ने चलन पनि थियो। यो चलन कोइलावासका ब्यापारीहरुले सुरु गरेका थिए। नुन ल्याउने टोलीका प्रमुखले ती 'उछिट्टे' लाई बेस्सरी नचाउने गर्थे।

दोस्रो दिनदेखि सबै हटारुले आफ्नो लागि आवश्यक पर्ने सामान बनाउन लाग्थे। नुनका पोका बनाउन, बाबियो खोज्न र डोरी बनाउन। डोरी अगुवाले बनाउँथे। अरु सबै जनाले सहयोग

गर्नुपर्थ्यो। सबै हटारुले आफ्नो आफ्नो सामान राखेर भारे डोको कस्नुपर्थ्यो। भारे डोको कति राम्रो हुने गर्थ्यो- त्यसमाथि सबै सामान ढाक्ने गरि जाली राखिन्थ्यो। बोक्नका लागि नाम्लो दायाँ र बायाँ पिठ्यूँमा दुईवटा खर्कन्ना हुने गर्थे। भारी बनाएपछि घरबाट बेच्न लगेका चीजबीज बेच्नुपर्थ्यो। हटारुले बेच्नका लागि आफूले उत्पादन गरेका घ्यू, जडिबुटी लगेका हुन्थे। ती चीजबीज नबेचे मन पर्ने सामान किन्न पाइन्नथ्यो। चीजबीज बेच्न, मालुका पात टिप्न, नौला ठाउँ घुम्न र हेर्न साह्रै मन पर्थ्यो। चुइचुई नुनको भारी



बोकेर, पसिनाले नुहाउँदै कोइलाबासबाट फर्किदै, गुरका डल्ला बाँड्दै हिड्नु पर्थ्यो।जहाँ कि हटारुले कोइलाबास झर्दा बास बस्ने ठाउँ नजिकैका घरमा खर्चका पोका-पन्तुरा झुन्ड्याई उठाउँदै फर्किन्थे। नुन ल्याउन कम्तीमा एक दर्जन गाउँका हटारु एकैसाथ जान्थे। त्यसो गर्दा सुरक्षा र सहयोगका साथै यात्रा रमाइलो हुन्थ्यो।

### किन जान्थे हटारु?

गाउँघरमा हाट बजार थिएनन्। वर्षभरि खाने नुन, तेल, लत्ताकपडा, गुर, औषधी, खाद्यान्न लगायतका अति आवश्यक मालमत्ता ल्याउन हाट जानुपर्थ्यो। हटारुले गाउँमा उत्पादन गरेका जडिबुटी, टिम्बुर, सुटो, घ्यू, मह, सिमी, भटमासलगायत जिनिस बेच्न पनि कोइलाबास जानुपर्थ्यो। त्यसका अलावा नयाँ साथी बनाउन, घुम्न र सयल खेल्न जाने ठाउँ पनि हो हाट। बुढापाखाहरुले नुन ल्याउन जाँदाखेरि चिनजान गरेका दौंतरीको सम्झना अहिलेसम्म गर्ने गर्छन्। ती सँगै हिडेका बेशी, खोँच, डाँडा, पाखापखेरा सम्झिन्छन्। हाट जाँदा लगाएको माया पिरती सम्झिन्छन्। तिनताका छोट्टया छोट्टीहरु आपसमा भारी साटेर बोक्ने चलन पनि हुन्थ्यो। महिनौं काँधमा भारी बोकेर हिड्दाखेरि पिठ्यूँमा निलडाम हुन्थ्यो। खुट्टामा बिसाएर घाउ हुन्थ्यो। हटारुले भारी बिसाएपछि साँझ सुत्दा पिठ्यूँमा शुद्ध तोरीको तेल दलेर सुत्थे। यसरी नौ मल्हमपट्टी गर्दै हटारुको हाटको यात्रा पूरा हुन्थ्यो। शिरबाट जिम्मेवारीले थिचेको, पिठ्यूँमा भारीले थिचेको, हटारुले जीविकोपार्जन गर्न भए पनि हाट जानै पर्थ्यो।

हटारुका लागि हाट जानु, नुनको भारी बोक्नु कुनै रहर थिएन। दुर्गम र जीविकोपार्जनमा बाध्यता बनेर बसेको थियो। बालबच्चालाई दसैं र तिहारमा एक छाक भात चखाउन र मधौरोलाई लागु खुट्याउन भए पनि दुई मुठ्ठी चामल नुनको भारीमा बोक्नु पर्थ्यो। घर पुग्ने आस खुल्ला आकाशको बास टारेर हटारुलाई केही पाउनु थिएन। केवल सानो परिवारको लागि दसैंमा एक छाक भात र बर्षभरि नुन हालेको चोटिलो तरकारी



खुवाउनु थियो। त्यतिखेरका जमानामा करोडौं पर्ने सपना बुन्नु थिएन। अर्बौंका महलमा बस्नु थिएन। यथार्थमा यौटा साधारण जीवन हाँसेर बिताउनु थियो। त्यो पनि सिस्नोसँग बुरबुरे आटो खाएर। यिनै मिठा सपना बोकेर हटारु हाट जान्थे। लक्ष्य त केही थिएन उडेर छुने चन्द्रमा थियो। नगुडेर पुग्ने ठाउँ थियो। त्यही थियो केवल मिठो तरकारी बालबच्चालाई खुवाउने, चोटिलो तरकारी खुवाउने हेतु बोकेर कोइलाबासको हाटसम्म हटारु बनेर जानुपर्ने बाध्यता थियो।

अझै पनि हिमाली भेगका विकट क्षेत्रमा बसोवास गर्ने समुदायका मानिस हटारु बनेर हाट जाने प्रचलन रोकिएको छैन। त्यहाँ अझैं रेलको बाटो पुग्न सकेको छैन। मोटर देख्ने सपना सपनामै सीमित छ। भेडा, च्याङ्ग्रा, चौरी, घोडा, खच्चडलाई मालमत्ता बोकाउने साधनको रुपमा प्रयोग गरिन्छ। यिनै जनावरहरु हिमाली भेगका लागि गाडी मोटर बनेका छन्। मानव सभ्यताको बिकाससँगै हाटबजार नजिक आउँदै छन्। दुई महिना हिडेर पुगिने हाट बजार बिस्तारै गाउँ गाउँसम्म पुग्ने क्रम जारी छ।

हटारुको यथार्थ कथा हामीलाई त कहानीजस्तो लाग्न थालिसक्यो भने हाम्रा सन्तानहरुलाई हटारु र हाटका कुराहरु किंवदन्तीजस्तै लाग्नेछन्। दिनहरु महिनामा, महिनाहरु बर्षमा, बर्षहरु दसकमा र दसकहरु शताब्दीमा बदलिदै जान्छन्। हाम्रो दिनचर्या बदलिदै जान्छ। नयाँ चिजको बिकास हुँदै जान्छ। पुराना कुराहरु विगत हुँदै इतिहासमा परिणत हुन्छन्। जुन कुरा भावी पुस्ताले भोग्न त के देख्न पाउँदैनन्। केवल सुन्न र पढ्न पाउनेछन्। यस्ता सुन्दर र लोपोन्मुख सभ्यता, चालचलन, रीतिरिवाज र जीवनशैली कुनै न कुनै माध्यबाट पुस्तौं पुस्तासम्म नमेटिने गरी जीवित राख्नुपर्छ।

*तस्बीर सौजन्यः शिखर विश्वकर्मा*



लोकसेवा आयोग, शिक्षक सेवा आयोग, हाजिरी जवाफ प्रतियोगिताका लागि उपयोगी

**१. पुतली बाजे भनी कसलाई चिनिन्छ ?**

≅ कोलिन स्मिथ

– जीवनको लामो कालखण्ड पुतलीको अनुसन्धानमा बिताएका स्मिथले त्यसबारे थुप्रै पुस्तकसमेत प्रकाशन गरेका छन्। स्मिथ सन् १९६६ मा युनाइटेड मिसनमार्फत् शिक्षण पेसाका लागि नेपाल आएका थिए। उनले गोरखाको अमरज्योति मावि (लुइँटेल)मा अध्यापन गरेका। पूर्वप्रम डा. बाबुराम भट्टराई र दिवङ्गत भइसकेका वरिष्ठ चिकित्सक उपेन्द्र देवकोटा उनका शिष्य थिए।

– लामो समयदेखि नेपालमा रहँदै आएका बेलायतका नागरिक कोलिन स्मिथलाई उनको योगदानको कदर गर्दै सन् २०१९ डिसेम्बरमा मानार्थ नागरिकता प्रदान गरिएको थियो। २०७६ कात्तिक २९ को मन्त्रिपरिषद् बैठकले यससम्बन्धी निर्णय गरेको थियो।

– सगरमाथा आरोही एडमन्ड हिलारी र विश्वप्रसिद्ध भूगर्भविद् टोनी हेगनपछि उनलाई यो प्रकृतिको नागरिकता दिइएको। नेपालको मानार्थ नागरिकता प्राप्त गर्ने चौथो व्यक्ति दक्षिण कोरियाका पर्वतारोही उम होङ्ग गिल (सन् २०२०) हुन्।

**२. नेपालमा कारागार नभएका जिल्ला कतिवटा रहेका छन् ?**

≅ पाँच (धनुषा, बारा, भक्तपुर, नवलपरासी पूर्व र रुकुम पूर्व)

– नेपालका ७७ जिल्लामध्ये ७२ जिल्लामा ७४ कारागार रहेका छन्। काठमाडौं र दाङ जिल्लामा दुई दुईवटा कारागार रहेका छन्। नेपालको पहिलो जेल सदर जेल (वि.सं. १९७१, काठमाडौं) हो।

– बाँकेको गनापुरमा खुला कारागारको निर्माण कार्य अघि बढाइएको छ। नेपालमा वि.सं. २०१९ मा कारागार ऐन, २०१९ निर्माण भई उक्त ऐनको दफा २७ ले दिएको अधिकार प्रयोग गरी कारागार नियमावली, २०२० तर्जुमा भई लागू गरिएको हो। वि.सं. २०५० साउन १ देखि गृह मन्त्रालयअन्तर्गत केन्द्रीय तहमा कारागार व्यवस्थापन विभागको स्थापना भई सञ्चालनमा आएको छ।

**३. बङ्गलादेशकै सबैभन्दा लामो पुलको लम्बाइ कति रहेको छ ?**

≅ ६.१५ कि.मि. (पद्मा ब्रिज नामक यस पुलको उद्घाटन सन् २०२२ जुन २५ मा भएको थियो। विश्वकै गहिरो जगमा बनेको यस पुलको बङ्गलादेशले आफ्नै लागतमा सन् २०१५ नोभेम्बरबाट निर्माण सुरुवात गरेको थियो। पुलको निर्माण लागत करिब ३.६ विलियन डलर रहेको थियो। ४१ स्पानसहितको यो पुल तल रेल (सिङ्गल ट्र्याक) एवं माथि गाडी गुड्ने (चार लेन)युक्त रहेको छ। पुलको एप्रोच सडक १२ किलोमिटर रहेको। बंगलादेशको दक्षिण-पश्चिम क्षेत्रलाई राजधानी (ढाँका)सँग जोड्ने यस पुलले मुलुकको कुल गार्हस्थ उत्पादन १.२३ प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ।

**४. विश्व स्वास्थ्य सङ्गठनद्वारा नुनको दैनिक उपभोगको मात्रा कति निर्धारण गरिएको छ ?**

≅ ३ देखि ५ ग्राम

**५. पूर्वको गोसाइँकुण्ड भनी चिनिने प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल कुन हो ?**

≅ तिम्बुपोखरी

*संकलन- टंक के.सी. गोरखापत्र दैनिकबाट साभार*

# गँड्यौली मल, यसको फाइदा र बनाउने तरिका

**युवराज शर्मा**



गड्यौला मल प्राङ्गारिक खेतीका लागि अति उत्तम मल हो र यसलाई व्यवस्थित पालन गरेमा यसबाट राम्रो प्राङ्गारिक मल तयार गर्न सकिन्छ । गड्यौलाले खाएको खाना पाचन नलीमा धेरै बेर रहँदैन र धेरै पनि रहँदैन। खाएको ५-१० भाग मात्र शरीर उपयोगको लागि प्रयोग हुन्छ। अरू बाँकी भाग शरीर बाहिर निष्कासन गर्दछ, जसलाई काष्ट भनिन्छ। यसले खाएर पचाएर दिशाको रूपमा फालेको दानेदार मललाई गड्यौलाबाट तयार पारिएको कम्पोष्ट मल वा गँड्यौली मल भनिन्छ।

### गड्यौली मलका फाइदाहरु

- यो मलमा भएका खाद्यतत्वहरू पानीमा घुलनशील हुन्छन् र बिरुवाले यसमा भएका खाद्यतत्वहरूलाई सजिलैसँग लिन सक्दछ।
- यो मलमा एन्टिबायोटिक, भिटामिन, हर्मोन प्राप्त हुने भएकोले अरू मलभन्दा यो मलको गुणस्तर राम्रो मानिन्छ।
- यस मलको प्रयोगले रासायनिक मलको उपलब्धता बढाउँछ र बाली बिरुवाको वृद्धि विकास पनि छिटो हुन्छ।
- गड्यौला कम्पोष्टको कार्बन: नाईट्रोजन अनुपात परम्परागत गोठेमल वा कम्पोष्टको भन्दा कम हुन्छ र यसमा भएको नाईट्रोजन बिरुवालाई तुरुन्तै उपलब्ध हुन्छ।
- खेती र घरेलु फोहर वस्तुहरुबाट यो मल बनाईने हुँदा वातावरणलाई स्वच्छ राख्न मद्धत पुग्दछ।

गड्यौला विभिन्न प्रजातिका हुन्छन्। संसारमा १८०० भन्दा बढी प्रजातिका गड्यौला पाइन्छन् र तीमध्ये रातो विग्लरहरू red wigglers) (आइसेनिया फेटीडा, Eiseniafetida) गड्यौली मल बनाउनका लागि सामान्यता प्रयोग हुने गड्यौला हो। हुन त अहिले विभिन्न नामबाट प्राङ्गारिक र जैविक मलहरु उत्पादन भइरहेका छन् र ती मलहरुमा एकै किसिममा पोषक तत्वहरु

नपाउन पनि सकिन्छ। त्यसैले आफैले घरमा गड्यौला पालन गरी उत्पादन गरिएको मल भरपर्दो र गुणस्तरीय हुन्छ।

**घरमै कसरी बनाउन सकिन्छ गड्यौली मल?**

गड्यौला पालनका लागि १ मिटर चौडाई, ६० सेमी उचाई र ५ मिटर लम्वाई अथवा लम्बाई आफ्नो आवश्कता अनुसारको पिट अथवा बिन तयार गर्नु पर्छ। भुँइ ढलान गरेर प्लास्टर पनि गर्नु पर्छ र हल्का भिरालो बनाई होंचो भागतिर १-२ इन्चको पाइप राख्नु पर्छ। आफ्नो स्रोत अनुसार पिट जति पनि बनाउन सकिन्छ। माथिबाट घामपानी बचाउन खर, पराल वा प्लाष्टिकले छाउनु पर्दछ। सकेसम्म छानाबाट तातो नछिर्ने खालको अथवा घामको प्रकाशले तल तातो नहुने खालको बनाउनु पर्छ।

गड्यौला राख्नुभन्दा पहिले १५ देखि २० दिन खाद लगाएर सेलाएको गोबरलाई प्रयोग गर्नु पर्छ। तल घाँस, पराल वा सोत्तरको एक तह राखी त्यसमाथि सेलाएको गोबर एक तह राख्नुपर्छ, यसो गर्दा सोत्तर राम्रोसँग भिजेको हुनुपर्छ र तह-तह बनाएर राख्नु पर्छ र माथिल्लो सतहमा गोबर मसिलो बनाएर राख्नु पर्छ (भएसम्म गोबर ग्यासको स्लरी राख्दा पनि हुन्छ।) गोबर भरिएपछि एक छेउबाट गड्यौला छोड्नुपर्छ। गड्यौला धेरै भए फरक पर्दैन तर कम्तिमा प्रतिवर्ग फिट २०० का दरले राख्नु पर्छ। गड्यौला छोडीसकेपछि माथिबाट जुटको बोरा राखी झारीको सहायताले पानी हाल्नुपर्छ र त्यो बोरालाई चिसो बनाइराख्नुपर्छ। पिटमा जम्मा भएको पानी जुन पाइपबाट बाहिर निस्किन्छ, त्यसलाई एउटा भाँडोमा जम्मा गरी पातलो हुदाँसम्म प्रयोग गर्न सकिन्छ र बाक्लो र गाढा भएपछि यसलाई पनि मलको रुपमै प्रयोग गर्न सकिन्छ। यसलाई भर्मीवास भनिन्छ। १ लिटर भर्मीवासमा ४ लिटर पानी मिसाई बिरुवामा छर्न वा फेदबाट दिन सकिन्छ। गड्यौलाको बेडिङमा कुहिने गल्ने सबै कुराहरु राख्न सकिन्छ तर लसुन, प्याज, माछा, मासु साथसाथै प्लाष्टिक, नाइलन, ऊनजस्ता नगल्ने र नकुहिने वस्तुहरु राख्नु हुँदैन।

गड्यौला चिस्यान रुचाउने जीव हो त्यसैले गड्यौलाको बेडमा ६०-६५ प्रतिशत चिस्यान हुन आवश्यक हुन्छ। ३५ डिग्री सेल्सियस तापक्रम तथा १० डिग्रीभन्दा कम चिसोमा गड्यौला फस्टाउन सक्दैन र एकै ठाउँमा जम्मा भएर गुडुलिकिन्छ। गड्यौलाले तल फर्किएर खान्छ र कास्टिङ माथि सतहमा बिसर्जन गर्छ। माथिल्लो सतहमा एक भित्ता जति मल थुप्रिएपछि हल्कासँग सोरेर नजिकै छुटै पिट बनाएर मल थुपार्नु पर्छ। त्यसो गर्दा मलमा भएका गड्यौलाका कोकनहरु ह्याच हुन पाउँछन् र नयाँ गड्यौलाहरु उत्पादन हुन्छन्। बेडिंगमा मल तयार भैसकेपछि ३ मिलिमिटरको चाल्नोले चालेर गड्यौला र मल छुट्याउनु पर्दछ। गड्यौलासँग गेडा मल र नपचेको मल तथा अन्य वस्तुहरु हुन्छन्, त्यसबाट गड्यौला छुट्टाउन उज्यालोमा लगेर प्लेन सिट वा प्लाष्टिकमा लामो पारेर थुप्राई बढी उज्यालो पार्न सकिन्छ। गड्यौला प्रकाश मन नपराउने भएकाले गड्यौला जति तल जम्मा हुन्छन् र माथि भएको मललाई सोरेर जम्मा गर्न सकिन्छ। यसो गरे पश्चात यी गड्यौलाहरुलाई पुनः माथि बताइए अनुसार पिट बनाएर फेरि प्रयोग गरी गड्यौली मल उत्पादन गर्न सकिन्छ।

*(लेखक शर्मा कृषि तथा पशु विज्ञानका विद्यार्थी हुनुहुन्छ।)*






भूमे गाउँपालिका वडा नं. ७ गुनामका आमा समूहलाई टनेल र विभिन्न तरकारीको बीउ वितरण गरिएको छ। गाउँपालिका उपाध्यक्ष सविना बुढा र वडा अध्यक्ष संगम रोकाले वर्षाको झरी र हिउँदमा तुसारोबाट बचाई बेमौसमी अर्गानिक तरकारी खेती गर्नका लागि महिलाा कृषकहरुलाई टनेल वितरण गर्नुभएको थियो।






महिलालाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन सीपलाई श्रमसँग जोड्ने लक्ष्यका साथ भूमे गाउँपालिका वडा नं. ६ महतमा सञ्चालित ३ महिने अल्लो र ढाकाको कपडा बुनाई तालिमको अनुगमन र समापनमा उपाध्यक्ष सविना बुढा, प्रमुख प्रशासकीय अधिकृत चन्द्रसिंह श्रेष्ठ लगायत।





कृषि पाठशाला सिकाइबाट अर्गानिक तरकारी उत्पादन गर्दै भूमे गाउँपालिका वडा नं. २ सैपातुङस्थित इसाई नमुना कृषक समूहका सदस्यहरु।

कविता

# मनको गहिराइमा

- तारक मगर

पिँजडाको चरीलाई सबैले समाउन सक्छन्
आकासिएको दूरीलाई हेरी सबै रमाउन सक्छन्
विडम्बना मनको आशय वस्त्रविहीन छ
अटूट सम्बन्धको विचित्र अनुभूति छ
मनको गहिराइमा।

देख्न सक्दैन कसैले
छेक्न सक्दैन कसैले
सक्छ त केवल देखेर गिज्याउन
आँसु देखेर रमाउन
दुनियाँको रित बनिसक्यो
दु:ख भाग्यको गीत बनिसक्यो
सक्छु पीडामा रमाउन
आँसुको झरी गराई
बिज जमाउन खोज्दैछु
मनको गहिराइमा।

गुनासो केही छैन जिन्दगीसँग
दिन बिताइरहेको छु
लोक मन्दिरमा माथा टेकाउँछन्
अरूको घर जल्दा हात सेकाउँछन्
दर्दनाक घटनामा रहर मेटाउँछन्
आशा गर्छु
त्यही मान्छेहरुको भिडमा पनि
असल मानिस भेटिन्छ कि भनेर
एक्लै टोलाएर सोच्दैछु
र, खोज्दैछु असल एक व्यक्तित्व
मनको गहिराइमा।

बुढापाकाहरू भन्छन्
कलियुग आयो
युवाहरु ठान्छन् मस्ती समय आयो
अरे के देखिन्छ आजभोलि
बालक आफ्नै बुबाको खेदो खन्छन्
दोष देउ कसलाई
जन्म दिने विधातालाई
या परिस्थिति निर्मातालाई
या फिर शरनार्थीको आशिष दिने सरकारलाई
नि:शब्द छु शब्द छैन बयान गर्न
कोही मार्न तयार त कोही मर्न तयार छन्
म टोलाउँछु
र खोज्छु कोही छन् कि
संस्कारी सन्तान भनेर
जसले गर्लान् देवत्वको चिन्तन
मनको गहिराइमा।

पशुपन्छीले सिकाउँदै छन्
मानिसहरू अपनत्व गुमाउँदै छन्
जनावरसरि हर्कत गरी
मानवीय छवि मेटाउँदै छन्
खै के फाइदा भयो कसलाई
बुझ्न सकिँदैन
भरोसा टुटाएर
गन्तव्य छुटाएर
के प्रमाणित गर्न खोज्दै छ मानिस
मान्छे भएर पशुझैं मर्न खोज्दै छ मानिस
फेरि टोलाउँछु म
कोही आएर
सबैलाई एक बनाउला कि?
इच्छा जागेर आउँछ
मनको गहिराइमा।

*भुमे-३ झुम्लाबाङ*

भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. :२०७९।८०
च.नं.: १३८३

मितिः २०८०/०२/१८

विषयः सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थिति सम्बन्धमा ।

श्री १ नं. वडा कार्यालय, लुकुम ।
श्री २ नं. वडा कार्यालय, काँक्री ।
श्री ३ नं. वडा कार्यालय, सिमा ।
श्री ४ नं. वडा कार्यालय, काँडा ।
श्री ६ नं. वडा कार्यालय, महत ।
श्री ८ नं. वडा कार्यालय, पोखरापाटा ।

नेपाल विद्युत प्राधिकरणको पत्र संख्या २०७८/०७९, च.नं. १७९, मिति २०८०/०२/१२ गतेको पत्रानुसार प्राधिकरणद्धारा प्रस्तावित दमौली-कुश्मा-बाफिकोट ४०० के.भी. प्रसारण लाइन तथा सब-स्टेशन निर्माण आयोजनाको वातावरणीय अध्ययन प्रतिवेदनमा स्थानीय सरोकारवालाहरुबाट राय सुझाव संकलन गरी समावेश गर्न सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरिएकोले स्थानीय बुद्धीजिवी, समाजसेवी, जनप्रतिनिधि, जनसमुदाय, पत्रकार एवं सरोकारवाला सबैलाई तपसिलको मिति, समय र स्थानमा उपस्थित गराई तहाँ वडामा आउनुहुने कर्मचारी, स्टाफ तथा प्रतिनिधिहरुलाई आवश्यक सहयोग र सहजीकरण गर्नुहुन अनुरोध छ ।

तपसिल :
मिति : २०८०/०२/२० गते शनिबार ।
समय : बिहान ११:०० बजे ।
स्थान : भूमे गाउँपालिका वडा नं. ६ को वडा कार्यालय ।

..................
(प्रेम प्रसाद भट्टराई)
अधिकृत छैटौ

प्रेम प्रसाद भट्टराई
अधिकृत (छैटौं)

खाबाङबगर, रुकुम (पूर्व), लुम्बिनी. प्रदेश, नेपाल | सम्पर्क फोन नं. +९७७-९८०१३३२३८३,९७६२५२७११०
इमेलः info@bhumemun.gov.np, bhumemun@gmail.com, वेबसाइटः www.bhumemun.gov.np

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. (बिदा)/२०७९/०८०
च.नं.

मिति: २०८०/०२/१९

विषय: **स्थानीय बिदा सम्बन्धी सूचना ।**

स्थानीय बिदा सम्बन्धी प्रस्ताव सम्बन्धमा भूमे गाउँपालिका गाउँ कार्यपालिकाको बैठक संख्या १७/०७९-८० मिति २०८० जेठ १२ को कार्यपालिका बैठकमा पेश हुँदा भूमे पूजाका लगि फूल टिप्ने तथा गाउँ टोल अनुसार फरक फरक दिनमा भूमे पूजा गर्ने प्रचलन भएकाले लुम्बिनी प्रदेशद्वारा मिति २०७९।१२।१७ मा प्रकाशित अतिरिक्ताङ्क ३७ को राजपत्रको सूचना क्र.सं. ७ बमोजिम सम्बत् २०८० साल जेठ ३२ गते बिहीबारका दिन भूमे गाउँपालिका क्षेत्रभर लागू हुने गरी स्थानीय सार्वजनिक बिदा दिने निर्णय भएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

(चन्द्रसिंह श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत

# लम्पी स्किन रोग सम्बन्धी जानकारी

**परिचयः**

- यो रोग गाई भैसीमा देखिने रोग हो ।
- यो पोक्स भाइरसले गर्दा लाग्ने गर्छ ।
- सन् 2012 मा मध्यपूर्व देखि दक्षिण-पूर्वी युरोपमा फैलिएको थियो ।
- हाल ५५ जिल्लामा फैलिएको पुष्ट्याई भएको छ ।
- मृत्युदर गाईवस्तुमा ३-७ र भैंसीमा ०% रहेको छ ।
- यसले स्थानीयको तुलनामा उन्नत नश्ललाई बढी असर गर्ने गर्छ ।
- उत्पादनमा गिरावट् आउने, ओसारपसारमा प्रतिवन्ध गर्नुपर्ने हुदा आर्थिक नोक्सानी हुने गर्दछ ।
- यो रोग पशुबाट मानिसमा सर्दैन ।
- रोग गर्मि मौसममा किराहरुको टोकाईबाट सर्ने गर्दछ ।

**लक्षणहरुः**


संक्रमित पशुहरुमा निम्न लक्षणहरु देखा पर्ने गर्दछ ।

- उच्च ज्वरो १०४ डिग्री फरेनहाइट भन्दा बढी आउने गर्दछ ।
- छालामा १ देखि ५ सेन्टिमिटरका साह्रा गोलो गिर्खाहरू देखिने ।
- थतुनो,ओठ, मुख र नाकभित्र घाउ देखिन्छ।
- आखाँ र नाकबाट अत्यधिक मात्रामा तरल पदार्थ आउँछ,र्‍याल काड्छ, लिम्फ नोडहरू सुनिन्छन, संक्रमित पशु लक्षण नदेखाई मर्न पनि सक्छ ।
- किराले गिर्खाहरु फुटाएर जटिल प्रकारका घाँउ बनाउन सक्छ ।



**रोग सर्ने माध्यमः**

- संक्रमित लामखट्टे, झिंगा, किर्ना जस्ता किराहरूको टोकाइबाट सर्छ ।
- संक्रमित गाईवस्तुहरुको ओसारपसार गर्दा सर्छ ।
- उपचारमा संलग्न प्राविधिक तथा प्रयोग गरिने संक्रमित औजारबाट सर्न सक्छ।
- पशुको प्रजनन, दानापानी खाने भाँडा, चरण क्षेत्र तथा प्रत्यक्ष पशुको सम्पर्कबाट पनि सर्न सक्छ ।




**उपचारः**

दुर्भाग्यवश यो रोग भाइरसबाट लाग्ने भएको हुदाँ प्रभावकारी उपचार छैन । यसको सबैभन्दा राम्रो उपाय भनेको रोग लाग्न नदिनुनै उत्तम उपाय हो। यसको सट्टा, संक्रमित जनावरहरूले सहायक हेरचाह गर्न सकिन्छ,जसमा लक्षणको आधारमा उपचार गर्न एन्टिबायोटिक, पेनकिलर र घाउ सफा गर्ने स्प्रेहरुको प्रयोग गर्न सकिन्छ । कुनै उपचार नभए पनि रोग फैलिन नदिन वा नियन्त्रण गर्न भ्याक्सिनको प्रयोग गर्न सकिन्छ । दुर्भाग्यवश यसको भ्याक्सिन हाल सम्म नेपालमा उपलब्ध छैन । आसा छ यसको भ्याक्सिन नेपालमा छिटै उपलब्ध हुने छ ।



**रोगको शंका लागेमा के गर्नेः**

- रोगको प्रकोप फैलिएको क्षेत्रका पशुहरुलाई नियमित निरिक्षण गर्ने ।
- रोगको शंका लागेका नजिकका भेटेरीनरी प्राविधिक, गाउँपालिका पशु सेवा केन्द्र, एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयमा खबर गर्ने ।
- पशुहरुको ओसारपसार गर्न पुर्णरुपमा बन्द गर्नुपर्छ ।





Figure 1. Viral pathway of lumpy skin disease

**रोकथाम तथा जैविक सुरक्षाका उपायहरुः**

तपाईं आफ्नो फार्मको सुरक्षा कसरी गर्न सक्नुहुन्छ ? आफ्नो फार्मको सुरक्षाका लागि विभिन्न उपायहरु अपनाउने गर्नुहोला । विश्वसनीय स्रोतहरूबाट गाईभैंसी खरिद गर्नुपर्दछ । गाईभैंसी खरिद गरेर ल्याउदा २८ दिनसम्म बथानबाट अलग्गै वा क्वारेन्टाइनमा राख्नुपर्दछ । यो रोगको प्रकोपको समयमा रोग लागेको ठाउँ बाट गाईभैंसी ल्याउन हुदैन। गोठलाई झिंगा, लामखुट्टे तथा अन्य किराहरूबाट मुक्त राख्नु ,सरसफाइमा ध्यान दिनपुर्दछ । आवश्यकता अनुसार उपयुक्त किटनाशक औषधी प्रयोग गर्नुपर्दछ । गोठको वरिपरि पानी जम्ने ठाउँ हुनु हुदैन । आफ्नो फार्ममा जैविक सुरक्षाका उँपायहरू अवलम्बन गर्नुपर्दछ । प्रत्यक वर्ष पशुवस्तुहरुलाई खोप लगाउनुपर्छ ।



**रोग देखिएमा यहाँ सम्पर्क गर्नुहोलाः**

- वडानं १ र २ का लागि अमृता रोका, ९८४८०५७२७२
- वड नं ३ र ८ का लागि दिल कुमारी सुनार, ९८६७२२९४६६
- वडा न् ४ र ५ का लागि जनम बुढा मगर, ९८४८६९९७२८
- वडा नं ६ र ७ का लागि भुपाल ओली, ९८६६९१६०३७
- वडा नं ९ का लागि कमल के सी, ९८४६८१०१६०
- गाउँपालिका पशु सेवा केन्द्र का लागि नारयण ओली, ९७६२५२७१७० भुपेन्द्र शाही , ९८६६९१६०३७



जनहितका लागि
भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पशु सेवा केन्द्र

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

**थप जानकारीका लागि. ९७६२५२७१७०, ९८६६९१६०३७, ९८४८६९९७२८, ९८६८६३३५५१, ९८४८०५७२७२, ९८४६८१०१६०**